का.जि.प्र.का.द.नं. १००/०५९/६०
३१ साउन २०८१,
बिहीबार
15 August, 2024
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १८४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# १८ वर्षपछि अघि बढ्यो शान्ति प्रक्रिया

विस्तृत शान्ति सम्झौता पछिका १८ वर्षमा सशस्त्र द्वन्द्वको अन्त्य, हतियारको व्यवस्थापन, सेना समायोजन, संविधान सभाको निर्वाचन, संविधान सभाबाट संविधान जारी भएर मुलुक अगाडि बढेको छ । शान्ति प्रक्रियाका काम पूरा गर्नेसम्बन्धी कानूनमा समेत राजनीतिक दलहरू सहमत भएका हुन् ।



**केपी शर्मा ओली**
प्रधानमन्त्री

हेर्दा सामान्य लागे पनि मुलुकलाई शान्ति तर्फको बाटोमा हिँडाउन यो ठूलो फड्को हो । यसलाई निष्कर्षमा पुऱ्याउन भूमिका खेल्ने राजनीतिक दल र प्रतिनिधि सभा सदस्यज्यूहरुलाई धन्यवाद ।



**प्रचण्ड**
अध्यक्ष, माओवादी केन्द्र

अन्तर्राष्ट्रिय समुदायमा पनि अब कुनै भ्रम छ भन्ने मलाई लाग्दैन । अहिले यो विधेयकमाथि हामी छलफल गर्दै गर्दा अन्तर्राष्ट्रिय समुदायको पनि सबैको मूलभूतरुपमा सहमति रहेको भन्न पाउँदा मलाई खुसी र गर्वको महसुस भएको छ ।



**शेरबहादुर देउवा**
सभापति, कांग्रेस

सत्यको अन्वेषण गर्ने, न्याय गर्ने, पिडितलाई परिपूरण गर्ने र द्वन्द्वको पुनरावृति नहुने अवस्थालाई सुनिश्चित गर्ने व्यवस्था विधेयकले गरेको छ । हाम्रो प्रचलित कानून, सर्वोच्च अदालतको फैसला र अन्तराष्ट्रिय मापदण्ड अनुकूल छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० साउन ।

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक प्रतिनिधि सभाबाट पारित भएको छ ।

बुधबार प्रतिनिधि सभामा कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसियाले प्रस्तुत गरेको 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक'लाई सभाले बहुमतले पारित भएको हो ।

विधेयक पारित भएसँगै १८ वर्षपछि शान्ति प्रक्रियाको काम अघि बढेको छ । २०६३ मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएपछि २०५१ सालदेखिको १० वर्ष लामो सशस्त्र द्वन्द्वको अन्त्य भएको थियो ।

बृहत शान्ति सम्झौता अनुसार द्वन्द पीडितहरूलाई न्याय दिलाउने, परिपुरणको व्यवस्था गर्ने एवं सम्मानित अदालतको आदेश समेतलाई मध्येनजर राखी शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न गर्न आवश्यक कानून निर्माण प्रक्रिया अगाडि बढेको हो ।

प्रतिनिधि सभाबाट पारित विधेयक राष्ट्रिय सभामा जान्छ । राष्ट्रिय सभाबाट पारित भएर पुनः प्रतिनिधि सभामा आउँछ र सभामुखबाट प्रमणित भएर प्रमणीकरणका लागि राष्ट्रपतिकहाँ पुग्छ । राष्ट्रपतिले प्रमणीकरण गरेपछि कानूनमा रुपान्तरित भएर लागू हुन्छ ।

शान्ति सम्झौता पछिका १८ वर्षको अवधिमा नेपालले सशस्त्र द्वन्दको अन्त्य, हतियारको व्यवस्थापन, सेना समायोजन, संविधान सभाको निर्वाचन, संविधान सभाबाट संविधान जारी गरिसकेको छ । शान्ति प्रक्रियाका बाँकी कार्यभारहरु पुरा गर्ने सम्बन्धी कानूनमा समेत राजनीतिक दलहरू सहमत भएका हुन् ।

बुधबार प्रतिनिधि सभाबाट विधेयक पारित हुनु अघि शीर्ष नेताहरूले सम्बोधन गरे ।

उनीहरूले तत्कालीन नेकपा माओवादीले २०५२ सालदेखि दश वर्षसम्म सञ्चालन गरेको दश वर्षे शसस्त्र द्वन्द्वलाई मौलिक रुपमा शान्तिमा रुपान्तरण गर्न सकेको र नेपालको शान्ति प्रक्रिया विश्वकैका लागि एउटा नमूना भएको बताए ।

राष्ट्रिय आवश्यकता र राष्ट्रिय महत्वको विषयमा राजनीतिक दलहरु एकै ठाउँमा उभिन्छन् र नेपालको आन्तरिक मामलामा आफैं निर्णय लिन सक्षम छन् >>> पृष्ठ २ मा

## द्वन्द्वकालीन मुद्दा हेर्न छुट्टै अदालत

प्रतिनिधि सभाबाट पारित विधेयकअनुसार ऐन कार्यान्वयन गर्न दुई वटा आयोग बन्नेछन् । दुवै आयोगको म्याद चार वर्षको हुने उल्लेख छ । नयाँ आयोग बनेपछि यसअघि प्राप्त उजुरीमाथि अनुसन्धान अगाडि बढ्नेछ ।

२०७१ सालमा बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग बनेको थियो । सत्य निरूपण तथा मेलमिलाप आयोगमा सशस्त्र द्वन्द्वसँग सम्बन्धित ६४ हजार उजुरी परेका छन् । जसमध्ये चार हजारको प्रारम्भिक अनुसन्धानको काम सम्पन्न भएको छ ।

बेपत्ता आयोगमा तीन हजार भन्दा बढी उजुरी परेको छ । पारित विधेयकले आममाफीमा च्याप्टर क्लोज गरिदिएको छ । विगतमा कतिपयल द्वन्द्वकालीन मुद्दामा आम माफी हुनुपर्ने आवाज समेत उठाउने गरका थिए । यस्तो विषयको च्याप्टर क्लोज गर्दै गम्भीर मानव अधिकार उल्लघंनमा >>> पृष्ठ २ मा

# सुदूरपश्चिमका मुख्यमन्त्रीलाई दुईतिहाइ

सुदूरपश्चिम प्रदेश सभा ५३ सदस्यीय छ । नेपाली कांग्रेस, नेकपा एमाले र नागरिक उन्मुक्ति पार्टी (नाउपा)ले पक्षमा मतदान गर्दा मुख्यमन्त्री कमलबहादुर शाहले दुईतिहाइ मत पाएका हुन् ।

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ३० साउन ।



सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले दुईतिहाइ मत पाएका छन् ।

बुधबार प्रदेशसभा बैठकमा भएको मतदानमा मुख्यमन्त्री शाहलाई कांग्रेसका १८, एमालेका ११ र नागरिक उन्मुक्ति पार्टीका ७ जनाले विश्वासको मत दिए ।

बैठकमा ४५ सांसद उपस्थित थिए । उपस्थित ४५ जना मध्य शाहको पक्षमा ३६ मत परेको हो । उनको विपक्षमा ८ मत परेको छ ।

तटस्थमा १ मत परेको थियो ।

सुदूरपश्चिम प्रदेश सभा ५३ सदस्यीय छ । कांग्रेस, एमाले र नाउपाले पक्षमा मतदान गर्दा मुख्यमन्त्री शाहले दुईतिहाइ मत पाएका हुन् ।

नेकपा एकीकृत समाजवादीका ४ र माओवादी केन्द्रका ४ जनाले विपक्षमा मतदान गरेका थिए । माओवादीका ६ सांसद भने उपस्थित नै भएनन् ।

स्वतन्त्र १ सांसदले कतै मत दिएनन् । मुख्यमन्त्री शाहले विश्वासको मत माग्दै गर्दा ७ जना सांसद उपस्थित भएनन् । उपस्थित नभएका ७ मध्ये ६ जना माओवादी केन्द्रका हुन् ।

सुदूरपश्चिममा माओवादीका सभामुखसहित ११ सांसद छन्, तर बुधबार बहुमत सांसद संख्या प्रदेशसभा बैठकमा उपस्थित नभएका हुन् ।

माओवादी केन्द्रका खगराज भट्ट, ओमविक्रम भाट, जानकी कुँवर, झपट साउद, रमेश धामी र शिव ओली बैठकमा उपस्थित नभएका हुन् । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की खेमादेवी विष्ट पनि बैठकमा उपस्थित भइनन् ।

नेपाली कांग्रेस संसदीय दलका नेता शाह गत साउन २१ गते सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका थिए । त्यसअघि पनि १४ महिना मुख्यमन्त्री भएका थिए । चार महिनापछि शाह पुनः मुख्यमन्त्री भएका हुन् ।

उनी कैलाली क्षेत्र नम्बर २ को (क) बाट निर्वाचित भएका शाह पहिलो पटक २६ माघ २०७९ मा मुख्यमन्त्री बनेका थिए । २२ चैतमा राजनीतिक समीकरण फेरिएपछि राजीनामा दिएका थिए ।

शाहपछि मुख्यमन्त्रीमा नियुक्त भएका नेकपा (एकीकृत समाजवादी) का संसदीय दलका >>> पृष्ठ २ मा

# गाउँपालिका अध्यक्षलाई ठगीको आरोप

**शिव विक/मध्यान्ह**
काठमाडौं, ३० साउन ।



सूर्योदय सहकारीको बचतकर्ताको रकम अपचलन गरेको आरोप स्याङ्जाको बिरुवा गाउँपालिका अध्यक्ष सूर्यबहादुर कुँवरमाथि लागेको हो । उनको संलग्नतामा ३ करोड ६६ लाख रुपैयाँ हिनामिना भएको पाइएको प्रहरीले जनाएको छ ।

स्याङ्जाको बिरुवा गाउँपालिका अध्यक्ष सूर्यबहादुर कुँवरलाई ठगीको आरोप लागेको छ । उनीमाथि सहकारीको रकम हिनामिना गरेको आरोप लागेको हो ।

सूर्योदय सहकारीको बचतकर्ताको रकम अपचलन गरेको आरोप उनीमाथि लागेको छ । उनको समेत संलग्नतामा ३ करोड ६६ लाख रुपैयाँ हिनामिना भएको छानबिन समितिको निष्कर्ष छ ।

ठगीको आरोप लागेसँगै गाउँपालिका अध्यक्ष कुँवर फरार भएका छन् ।

सूर्योदय र जनजागृति सहकारी मिलेर २०७४ सालमा सूर्योदय सहकारी बनेको थियो । कुँवरले उक्त सहरकारीको सचिवका रूपमा काम गरेका थिए । कुँवरले बचत रकम अपचलन गरी एमालेका सांसदलाई दिएको र उनले समेत निर्वाचनमा खर्च गरेको पाइएको बताइन्छ ।

छानबिनमा दोषी देखिएपछि कुँवरविरुद्ध पक्राउ पुर्जी जारी भएको छ ।

साउन २८ गते कुँवर, बिरुवा सेवा केन्द्रका संयोजक तारेन्द्रबहादुर केसी र मुक्तिनाथ विकास बैंक बिरुवा शाखाकी कर्मचारी सन्ध्या भण्डारी विरुद्ध पक्राउ पुर्जी जारी भएको हो । तारेन्द्र र सन्ध्यालाई यसअघि नै पक्राउ गरिसकिएको प्रहरीले जनाएको छ ।

सहकारीको बिरुवा सेवा केन्द्र प्रमुख जीवन वाग्ले >>> पृष्ठ २ मा

## गोदावरीका मेयर र उपमेयरलाई भ्रष्टाचार मुद्दामा सफाइ



ललितपुरको गोदावरी नगरपालिकाका मेयर गजेन्द्र महर्जन र उपमेयर मुना अधिकारीले भने भ्रष्टाचारको मुद्दामा सफाइ पाएका छन् ।

बुधबार विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, सदस्यहरू तेजनारायण सिंह राई र रितेन्द्र थापाको इजलासले सबै आरोपितलाई सफाइ दिएको हो । अदालतले आरोप दाबी पुष्टि नहुने फैसला गरेको छ ।

'गोदावरी नगरपालिकाले गरेको विवादित निकासी कर निर्धारण नगरपालिकाले आर्थिक ऐनमा नै तोकेको करको दरको आधारामा मात्र बोलपत्र आह्वान गरी सक्षम पक्षलाई निर्धारण गरेको देखिन्छ' फैसलामा भनिएको >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# संख्या सय समस्या झन् गिजोलिँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० साउन

वार्षिक सय जना कामदार पठाउन नपाएका वैदेशिक रोजगार व्यवसायीहरुको इजाजतपत्र नवीकरणको विषय टुंगोमा पुग्नुभन्दा झन् झन् गिजोलिँदै गएको छ । असार पहिलो साता भित्रै समाधान भइसक्नुपर्ने समस्या भदौ लाग्ने बेलासम्म पनि समाघान नहुँदा अनेक शंका सम्बन्धित व्यवसायीहरुमा बढ्दै गएको छ । यद्यपि समस्या समाधानका पाटाहरुको खोजी भने जारी रहेको छ । यसक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मन्त्रिपरिषद्मा लगेको बाधा अड्काउ फुकाउसम्बन्धी प्रस्तावमा कानूनी भाषामा एकरुपता नभएको भन्दै मस्यौदा मिलाउन शुरु गरिएको छ ।

तराई मधेश वैदेशिक रोजगार व्यवसायी समाजको बधाई तथा शुभकामना कार्यक्रममा बुधबार मन्त्रालयमा उपस्थित व्यवसायीलाई सम्बोधन गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी र मन्त्रालयका सचिव मुकुन्द निरौलाले उक्त जानकारी दिएका हुन् । बधाई तथा शुभकामना मन्तव्य राख्दै समाजका अध्यक्ष नवलकिशोर यादवले संख्या सय समस्या समाधान भइ म्यानपावर कम्पनी नवीकरण नहुँदा डिमाण्ड भएका केही म्यानपावर कम्पनीले कामदार पठाउन नपाएकोदेखि अनलाइनमार्फत मागपत्र प्रमाणीकरणको ढिलाइले पारेको कठिनाइका बारेमा ध्यानाकर्षण गराएका थिए ।

जवाफमा मन्त्री भण्डारीले वार्षिकरुपमा सय जना कामदार पठाउन नसकेका म्यानपावर कम्पनीको इजाजत नवीकरणका लागि प्रस्ताव मन्त्रिपरिषद्मा पुगेको र बाधा अड्काउ फुकाउ आदेश जारी गर्ने सन्दर्भमा थप प्रष्ट हुनुपर्ने विषय उठेपछि त्यसका सम्बन्धमा काम भइरहेकाले केही दिनभित्र समाधान आउने अपेक्षा गरेको बताए ।

मन्त्री भण्डारीले गत वर्ष जेठ/असारमा मात्रै इजाजत लिएका, अघिल्ला केही वर्षहरुदेखि नै कामदार नपठाएका, तर मन्त्रिपरिषद्को निर्णयअनुसार नवीकरण भएका र अघिल्लो वर्ष संख्या पुऱ्याएका तथा गत वर्ष मात्रै >>> पृष्ठ २ मा

## क्यूभीसी र बायोमेट्रिक मेडिकल सबै प्रदेशमा

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले सरकारले वैदेशिक रोजगारको श्रम स्वीकृतिलाई पूर्ण विकेन्द्रीकरण गर्ने लक्ष्य लिएको बताएका छन् । भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि पनि वैदेशिक रोजगारलाई विकेन्द्रीकरण गर्न जरुरी भएको बताउँदै मन्त्री भण्डारीले भने, 'काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको वार्षिक ४८ लाख यात्रुलाई सेवा दिने क्षमता भएपनि हाल ९८ लाख यात्रु पुगेकाले भैरहवा र पोखरामम बजेट एयरलाइन्स अवतरणको निर्णय भएको छ ।'

मन्त्री भण्डारीले क्यूभीसीसहित पीडीओडी तालिम संस्था र श्रम कार्यालय पनि स्थापना हुने बताएका छन् । उनले भने, 'सरकारले ती विमानस्थलबाट उडान गर्नेलाई करमा पनि छुटको घोषणा गरेको छ । श्रम स्वीकृति पूर्णरुपमा अनलाइन हुन्छ, तपाईंहरु पनि तत्कालै आफ्ना म्यानपावर कम्पनीको शाखा कार्यालय खोल्न शुरु गर्नुहोस् ।'

## श्रममन्त्रीको विज्ञ सल्लाहकारमा पाठक

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले विज्ञ सल्लाहकारमा पूर्वसचिव प्रतापकुमार पाठकलाई नियुक्त गरेका छन् ।

पूर्वसचिव पाठकले २०७१ सालमा युवा तथा खेलकुद मन्त्रालयका सचिवबाट अनिवार्य अवकाश पाउनु सात दिन पहिले राजीनामा दिएका थिए ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

३१ साउन २०८१, बिहीबार
15 August 2024, Thursday

# गुणस्तरहीन काम गर्नेलाई कारबाही हुन्छः मुख्यमन्त्री आचार्य

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, ३० साउन

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मन्त्रालयहरुले गरेको काममा असन्तुष्टि व्यक्त गर्दै काममा सुधार ल्याउन कर्मचारीलाई निर्देशन दिएका छन्।

भौतिक पूर्वाधार मन्त्रालय लुम्बिनी प्रदेशको आर्थिक वर्ष२०८०/०८१ को वार्षिक समीक्षा गोष्ठीको उद्घाटन गर्दै मुख्यमन्त्री आचर्यले बजेट कार्यान्वयनको कार्ययोजना अस्पष्ट भएको भन्दै जनताले अनुभूत हुने गरी प्रतिफल देखिने काम गर्न सिनियर डिभिजन प्रमुख तथा कर्मचारीहरुलाई निर्देशन दिएका हुन्।

मुख्यमन्त्री आचार्यले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गरेर विकासे मन्त्रालयहरुले काम गर्नुपर्ने र गुणस्तरीयतामा कुनै कमि हुन नदिने गरी काम गर्न बुँदागत सुझावसहितको निर्देशन दिएका हुन्।




मुख्यमन्त्री आचार्यले भने, 'कार्यक्रम कार्यान्वयन गर्दा बजेट खर्चको लक्ष्य हासिल हुनेतिर मात्रै भन्दा पनि स्पष्ट परिणाम देखिने वा जनताले प्रत्यक्ष अनुभूत गर्नेगरी नतिजा हासिल गर्नेतर्फ ध्यान दिन कर्मचारीलाई अनुरोध गरेका थिए।

आचार्यले तीव्र गतिमा पूर्वाधार निर्माणका काम गर्न नसके सुखी 'नेपाली, समृद्ध नेपाल'को राष्ट्रिय आकांक्षा पुरा नहुने बताए।

अहिले सडक निर्माण गरेको १५ दिनमै भत्कने गरेको पाइएको बताउँदै उनले उपभोक्ताहरु समेत यस्तो प्रकारको पूर्वाधार निर्माणबाट आजित भइसकेकाले अब प्रदेशमा हुने हरेक विकास निर्माणका कामहरु पारदर्शीता गुणस्तरीय नभएको पाइएमा सम्बन्धित कार्यालयका प्रमुखहरुलाई कारबाही गर्ने चेतावनी दिए। पूर्वाधार निर्माणाको गुणस्तर नहुँदा एक पक्षले अर्को पक्षलाई गाली गर्नुको सट्टा यो समस्यालाई समाधान गर्नेगरी सबैले एकजुट हुनुपर्ने उनले उल्लेख गरे।

कार्यक्रममा भौतिक पूर्वाधार मन्त्री भूमिश्वर ढकालले विकास निर्माणका कामहरु गुणस्तरीय गर्नका लागि सबै लाग्नुपर्ने बताए। समीक्षा गोष्ठीमा लुम्बिनी प्रदेशभित्रका १२ जिल्लाका पूर्वाधार कार्यालयका सिनियर डिभिजन इन्जिनियरहरुले जिल्ला जिल्लामा गरेको कामहरु समस्याहरु आगामी योजनाहरु प्रस्तुत गरेका थिए।

# 'जिल्ला अस्पतालको विकासका लागि निरन्तर प्रयासरत छौं'

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ३० साउन

कपिलवस्तु जिल्ला अस्पतालमा एक करोड ६ लाख २८ हजार ९९४ रुपैयाँ बराबरको स्वास्थ्य सामग्रीको व्यवस्था भएको छ। जसपाका जिल्ला अध्यक्ष तथा युवानेता इरफान खानको नेतृत्वमा अस्पतालमा यो महत्वपूर्ण स्वास्थ्य सामग्री भित्र्याउन सफल भएका छन्। यस पहलले कपिलवस्तु जिल्ला अस्पतालको सेवामा ठूलो परिवर्तन ल्याउने अपेक्षा गरिएको छ।

इरफान खानले तत्कालीन स्वास्थ्य मन्त्री प्रदीप यादव र पूर्व मन्त्री मोहम्मद इस्तियाकसँगको विशेष समन्वयमा एक करोड बढीको सिएएमार मेसिन कपिलवस्तु अस्पतालमा ल्याउन सफल भएको जानकारी दिए। यस मेसिनको आगमनले कपिलवस्तुवासीमा हर्ष छाएको छ।

इरफान खानले भने, 'कपिलवस्तु जिल्ला अस्पतालको विकासका लागि हामी निरन्तर प्रयासरत छौं। यसलाई आधुनिक र सुसज्जित बनाउन हामीले ठोस कदम चालेका थियौं, र आज हामी सफल भएका छौं।'

यस मेसिनको आगमनले अस्पतालमा हाड जोर्ने सम्बन्धी विशेष सेवाहरू प्रदान गर्न महत्वपूर्ण सहयोग पुर्‍याउने विश्वास गरिएको छ। आधुनिक यन्त्र उपकरणहरूको व्यवस्था भएपछि जिल्ला अस्पतालले अझ उत्कृष्ट सेवा प्रदान गर्ने अपेक्षा गरिएको छ।

अस्पतालमा यो उपलब्धि हासिल गर्न सहयोग गर्ने सबै सरोकारवालाहरूलाई इरफान खानले विशेष धन्यवाद ज्ञापन गरेका छन्।

# केसीसी शैक्षिक प्रदर्शनी आजदेखि

**काठमाडौं/मस**–काठमाडौंको पुतलीसडकमा रहेको कान्तिपुर सिटी कलेजले 'केसीसी एक्जिबिट २०२४' आयोजना गर्ने भएको छ।

कलेजले यही साउन ३२ र भदौ १ गते प्रदर्शनी गर्न लागेको प्रदर्शनीका मिडिया संयोजक तथा कलेजका वरिष्ट प्रशासन प्रमुख राजीव तिमिल्सिनाले बताए। प्रदर्शनीको उद्घाटन उपप्रधानमन्त्री तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहले गर्नेछन्। सिंह क्याम्पस रहेको क्षेत्रबाट निर्वाचित प्रतिनिधिसभा सांसद पनि हुन्। प्रदर्शनीमा विज्ञान, प्रविधि तथा सूचना प्रविधिको विकासमा भएका उपलब्धि र अवसरहरुका साथै नेपालको दीर्घकालीन विकास संरचनाका नमुनाहरु, बजार र बजार व्यवस्थापनका सीप, दक्षता र सम्भावनाका नमुनाहरु राखिने कलेजका प्रबन्ध निर्देशक डा. प्रल्हाद कार्कीले बताए। कार्कीले विद्यार्थीले औपचारिक अध्ययनसँगै रोजगारमा पनि जोडिन चाहेको शिक्षा खोजेकाले आफूहरुले त्यस्तै शिक्षा प्रदान गर्दै आएको बताए। कार्कीले प्रदर्शनीले विद्यार्थीहरुमा केही गरौं भन्ने भावना जाग्ने अपेक्षा गरेको जनाएका छन्। कलेजले आयोजना गरेको यो १७औं श्रृंखला हो। केसीसी एक्जिबिट २०२४ को मूल नारा आविष्कार, प्रदर्शन, उत्प्रेरणा रहेको छ। यस कार्यक्रममा विद्यार्थीहरूले आफ्ना नयाँ-नयाँ प्रोजेक्टहरू प्रदर्शन गर्ने छन्। प्रदर्शनीमा उद्योग, संघसंस्थाहरू तथा प्राज्ञिक क्षेत्रसँग यससम्बन्धी अन्तरक्रिया गर्नेछन्। प्रदर्शनीमा राखिने नमुनाहरु इन्जिनियरिङ, आइटी र व्यवस्थापनसँग सम्बन्धित रहने छन्। प्रदर्शनीमा १२ हजारभन्दा बढी अवलोकनकर्ताले भ्रमण गर्ने अपेक्षा गरिएको पनि मिडिया संयोजक तिमल्सिनाले बताए।

# बलात्कारमा संलग्नलाई कारबाही गर्न माग

**राहुल गुप्ता/मध्यान्ह**
बारा, ३० साउन

बाराको निजगढ नगरपालिका वडा नं. ५ की एक बालिकामाथि बलात्कार भएको भन्दै स्थानीयले दोषीलाई पक्राउ गरी कारबाही गर्न माग गरेका छन्।

बुधबार बिहानैदेखि बालिका बलात्कारमा संलग्नलाई तत्काल पक्राउ गरी कडा कारबाही गर्न माग गर्दै स्थानीयले निजगढ इलाका प्रहरी कार्यालयमा जम्मा भएर दबाब दिएका छन्। स्थानीयको दबाबपछि प्रहरीले घटनमा संलग्न रहेको आरोपमा दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा निजगढ वडा नं.४ का दिनेश चौलागाईं र सन्जोग खतिवडा रहेको इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक सुमित कुश्वाहाले जानकारी दिए। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक कुश्वाहले बताए।

### १८ वर्षपछि...

भन्ने अर्को उदाहरण राजनीतिमा स्थापित गर्न सफल भएको भनेर एक/अर्कोको प्रसंसा गरे।

शान्ति प्रक्रियाको १८ वर्षपछि राजनीतिक दलहरूका बीचमा सहमति भएर अगाडि बढेको संक्रमणकालीन न्याय सम्बन्धी विधेयकमा अन्तराष्ट्रिय समुदाय समेत सहमत रहेको माओवादी अध्यक्ष प्रचण्डले सुनाए।

'अन्तराष्ट्रिय समुदायमा पनि अब कुनै भ्रम छ भन्ने मलाई लाग्दैन्। अहिले यो विधेयकमाथि हामी छलफल गर्दै गर्दा अन्तराष्ट्रिय समुदायको पनि सबैको मुलभुत पमा सहमति रहेको भन्न पाउँदा मलाई खुसी र गर्वको महसुस भएको छ' प्रचण्डले भने।

विधेयक सर्वसम्मतिले पारित भएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले अब शान्ति प्रक्रियाले निष्कर्षमा पुग्ने बताए। उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'हेर्दा सामान्य लागे पनि मुलुकलाई शान्ति तर्फको बाटोमा हिँडाउन यो ठूलो फड्को हो। यसलाई निष्कर्षमा पुऱ्याउन भूमिका खेल्ने राजनीतिक दल र प्रतिनिधिसभा सदस्यज्यूहरुलाई धन्यवाद।'

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा ढिलै भएता पनि पीडितमैत्री कानून बनेको बताउँछन्।

विधेयक पारित हुनु बुधबार अगाडि प्रतिनिधि सभाको बैठकमा बोल्दै उनले विधेयकले संक्रमणकालीन न्यायका सबै आधारभूत मान्यता बोकेको बताए।

'सत्यको अन्वेषण गर्ने, न्याय गर्ने, पिडितलाई परिपूरण गर्ने र द्वन्द्वको पुनरावृति नहुने अवस्थालाई सुनिश्चित गर्ने व्यवस्था विधेयकले गरेको छ' उनले भने, 'यो विधेयक संक्रमणकालीन न्यायको मान्यतामा आधारित हाम्रो प्रचलित कानून, सर्वोच्च अदालतको फैसला र अन्तराष्ट्रिय मापदण्ड अनुकुल रहेको छ।'

### सुदूरपश्चिमका...

नेता दीर्घबहादुर सोडारी अल्पमतमा परेपछि राजीनामा दिए। त्यसपछि शाहले फेरि मुख्यमन्त्री हुने मौका पाएका हुन्।

संविधानको धारा १६८ को उपधारा (२) बमोजिम बुधबार मुख्यमन्त्री शाहले विश्वासको मत लिएका हुन्। संविधानको धारा १६८ (४) मा यस सम्बन्धी व्यवस्था छ। संवैधानिक व्यवस्था अनुसार नै शाहले ३० दिनभित्र विश्वासको मत लिएका हुन्। यसपटक भने उनले दुइ तिहाइ मत पाए।

### द्वन्द्वकालीन...

पुरै सजाय हुने व्यवस्था राखिएको छ।

विधेयक अनुसार जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसाका सम्बन्धमा पुनः उजुरी दिन पाइनेछ। तीन महिनाको समय लिएर यस्तो उजुरी आयोगले लिएर अगाडि बढाउनुपर्ने व्यवस्था विधेयकमा छ।

जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसाका घटनामा दोषी ठहर भएकालाई सजायमा कुनै छुट हुने छैन।

विधेयकमा गम्भीर मानवअधिकार उल्लंघन र मानवअधिकार उल्लंघनको परिभाषा छुट्टाछुट्टै गरिएको छ।

गम्भीर मानवअधिकार उल्लंघनको परिभाषामा नियतपूर्वक वा स्वेच्छाचारी रूपमा गरिएको हत्या (आर्बिट्ररी किलिङ) भनेर राखिएको छ।

जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा र निःशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षियत गरी वा योजनाबद्ध रूपमा सशस्त्र द्वन्द्वका पक्षबाट गरेको कार्यलाई यसमै समेटिएको छ।

गम्भीर मानवअधिकार उल्लंघनका घटनामा प्रचलित ऐन अनुसार पुराका पुरा सजाय हुनेछ।

आयोगले मानव अधिकारको गम्भीर उल्लंघनको कार्यमा संलग्न देखिएका व्यक्ति उपर मुद्दा चलाउँदा घटना हुँदाको परिस्थिति, कारण, छानबिन, प्रतिवेदन र प्रमाण सहित महान्यायाधिवक्ता समक्ष सिफारिस गर्नुपर्ने छ। महान्यायाधिवक्ता मार्फत विशेष अदालतमा मुद्दा दर्ता जानेछ।

यस सम्बन्धी मुद्दा हेर्नका लागि तीन सदस्यीय छुट्टै विशेष अदालत गठन हुनेछ।

उच्च अदालतका न्यायाधीशहरुबाट अध्यक्ष र सदस्य रहनेगरी तीन सदस्यीय विशेष अदालत गठन हुनेछ।

### संख्या...

सय संख्या पुऱ्याउन नसकेको फरक-फरक आधारका म्यानपावर कम्पनी नवीकरण हुन नसकेकाले त्यस विषयमा निर्णयमा पुग्न छलफल भइरहेको जानकारी दिए।

सचिव निरौलाले संख्या सयका सम्बन्धमा बुधबार वैदेशिक रोजगार विभागसँग विवरणसहितको जानकारी माग गरिएको भन्दै विवरण प्राप्त भएपछि त्यसलाई मन्त्रिपरिषद् पठाउने जानकारी दिए।

समाजका अध्यक्ष यादवले व्यवसायीले सहजता, कम खर्चिलो तथा झन्झटबाट मुक्तिका लागि अनलाइन डिमाण्ड एटेस्टेशन शुरुवात गरेपनि व्यवहारमा उल्टो भएको बताए। अध्यक्ष यादवले पहिले म्यानुअल हुँदा दुई दिनमा प्रमाणीकरण हुने, तर अहिले महिना दिनसम्म लाग्न थालेको भन्दै यसमा श्रम मन्त्रालयले तत्कालै समाधान दिन पहल गर्नुपर्ने माग गरे।

मन्त्री भण्डारीले समस्या देखेपछि आफूले अघिल्लो कार्यकालमा श्रम मन्त्रालय मातहत त्यस्ता मागपत्र ल्याएर प्रमाणीकरणसम्बन्धी कार्यविधि बनाउन मन्त्रिपरिषद्मा लगेको, तर तत्कालीन मन्त्रीले त्यसलाई फिर्ता गरेकाले समस्या भएको बताए। उनले पुरानो प्रस्ताव ब्युँताएर प्रमाणीकरण हुन नसकेका मागपत्र मन्त्रालयबाट प्रमाणीकरण गर्ने कार्यविधि बनाउने तयारी गरिरहेको जानकारी दिए।

त्यसैगरी व्यवसायीहरुले साउदी भिसा सेन्टरले बायोमेट्रिकका नाममा अनुचित मोलमोलाइ गरेर हैरानी दिएको गुनासो पनि मन्त्री भण्डारीलाई सुनाएका छन्। मन्त्री भण्डारीले साउदी अरेबिया भिसा सेन्टरबारे केही जानकारी नभएकाले आफूले बुझ्ने जानकारी दिए। बधाई तथा शुभकामनाका लागि अध्यक्ष यादव, प्रथम उपाध्यक्ष अख्तर हुसेनसहित कार्यसमिति पदाधिकारी र कार्यसमिति सदस्यहरुको उपस्थिति रहेको थियो।

### गाउँपालिका...

२० दिनअघि पक्राउ परेका थिए।

सहकारीमा समस्या देखिएपछि प्रहरीले बचतकर्तालाई जाहेरी दिन आह्वान गरेको थियो। बचतकर्ता ध्रुवनारायण श्रेष्ठले साउन १० गते जाहेरी दिएका थिए।

प्रहरीका अनुसार बिरुवा सेवा केन्द्रमा बचत भएको रकम पालिका अध्यक्षकै मिलेमतोमा हिनामिना भएको आधार देखिएको छ। आधार पाएपछि प्रहरीले अनुसन्धान थालेको जनाएको छ। छानबिनमा संलग्न अधिकारीहरुका अनुसार चुनावका बेला रकम निकालेर मनमौजी खर्च गरिएको पाइएको छ।

### गोदावरीका...

छ, 'यी प्रतिवादीहरू नगरकार्यपालिका पदाधिकारी जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरूको रूपमा सेवारत रहेको हुँदा नगरसभाबाट निर्मित कानुनको कार्यान्वयनसम्म गर्ने हैसियतमा रहेको देखिन्छ।'

उनीहरूमाथि ढुंगा तथा बालुवा उत्खनन् र बिक्री वितरणमा राजस्व छुट दिएर भ्रष्टाचार गरेको आरोप लागेको थियो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मेयर महर्जन र उपमेयर मुना अधिकारीले पाँच वर्षमा एक अर्ब चार करोड ८६ लाख ६५ हजार २८७ रुपैयाँ भ्रष्टाचार गरेको दाबीसहित २१ जेठमा मुद्दा दायर गरेको थियो। उनीहरूले अघिल्लो पाँच वर्षे कार्यकालमा भ्रष्टाचार गरेको अख्तियारको निष्कर्ष थियो।

तर, अदालतले अदालतले आरोप दाबी पुष्टि नभएको भन्दै मेयर र उपमेयर दुवैलाई सफाइ दिएको हो।

नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना
श्री वीरेन्द्र अस्पताल
छाउनी, काठमाण्डौ

सिलबन्दी दरभाउपत्रको सूचना

सूचना नं. २०८१/०८२/०२
(सूचना प्रकाशित मिति : २०८१/०४/३१ गते

१. यस अस्पताललाई आ.व. २०८१/०८२ मा आवश्यक पर्ने देहायमा उल्लेखित सामाग्रीको e-GP System को माध्यमबाट खरिद गर्नको लागि यो १५ दिने सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।
२. खरिद सम्बन्धी विवरण:

| ठेक्का नं. | कामको विवरण | जमानत रकम रु. | बोलपत्र दस्तुर रु. | पेश गर्ने अन्तिम मिति र समय | खोलुवा मिति र समय |
|---|---|---|---|---|---|
| 01//SQ/Goods/ NA-BH/081/82 | Purchase of Medical Equipment and Furniture Items | 33,000.00 | 1,000.00 | २०८१/०५/१४ गतेको १२:०० बजे | २०८१/०५/१४ गतेको १३:०० बजे |

३. विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको Website मा राखिएको र थप जानकारीको लागि फोन नं. ०१-५६७०९८२ मा सम्पर्क गर्नुहोला।

## राहदानी बनाउन पोर्चुगलबाट ३८ सय बढीको आवेदन

# ७ करोड २० लाख राजस्व संकलन




**भरत प्रधान/मध्यान्ह**
लिस्बन, ३० साउन

विद्युतीय राहदानी (इ-पासपोर्ट) बनाउनका लागि पोर्चुगलबाट ३८ सय बढी नेपालीको जैविक विवरणसहितको आवेदन संकलन गरिएको छ।

राजधानी लिस्बनमा सञ्चालित 'घुम्ती शिविर'बाट राहदानी विभाग काठमाडौं र फ्रान्सस्थित नेपाली दूतावासको संयुक्त टोलीले ३ हजार आठ सय २९ नेपालीको विद्युतीय राहदानी (ई-पासपोर्ट) का लागि जैविक तथ्यांक संकलन गरेको हो।

शिविरबाट तीन सय २८ जनाको हराएको, एक सय २१ जना बालबालिकाको र तीन हजार तीन सय ८० जनाको नवीकरण गरी कुल तीन हजार आठ सय २९ जनाको विद्युतीय राहदानीका लागि जैविक विवरणसहितको आवेदन संकलन गरिएको टोली प्रमुख एवम् विभागका निर्देशक मोतिबहादुर श्रीसले जानकारी दिए।

शिविरबाट राहदानी सेवासहित यात्रा अनुमतिपत्र, मञ्जुरीनामा लगायतका अत्यावश्यक कन्सुलरसम्बन्धी सेवासमेत प्रदान गरिएको निर्देशक श्रीसले बताए। शिविरबाट दैनिक ४ सयको हाराहारीमा सेवाग्राही नेपालीलाई सेवा प्रदान गरिएको उनले बताए। श्रीसका अनुसार अग्रिम अनलाइन आवेदन भरेर राजस्व बुझाइसकेका सबै आवेदकको जैविक विवरणसहितको आवेदन संकलन गरिएको छ। छुटेकालाई सेवा दिन, तयार भएको राहदानी वितरण गर्न र पोर्चुगलमा देखा परेको राहदानी लगायतका समस्यालाई मध्येनजर गरि छिट्टै विभागबाट अर्को टोली आउने श्रीसले बताए।

शिविरबाट ४ लाख ९१ हजार पाँच सय ८० युरो अर्थात् ७ करोड २० लाख ११ हजार पाँच सय ५४ रुपैयाँ राजस्व संकलन भएको टोलीले जनाएको छ। गत अगष्त २ तारिखदेखि शुरु भएको घुम्ती शिविर मंगलबार सम्पन्न भएको हो। टोलीले राहदानीको म्याद सकिसकेका, राहदानीको म्याद एक वर्षभन्दा कम भएका, क्षति भएका, हराएका र पोर्चुगलमा जन्मेका बालबालिकाको विद्युतीय राहदानीका लागि जैविक तथ्यांक संकलन गरेको थियो। घुम्ती शिविरबाट राहदानीसम्बन्धी समस्यामा परेका नेपालीलाई राहत मिलेको गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्य राजकुमार थापाले बताए। शिविरबाट धेरै नेपालीले सेवा पाएको र पोर्चुगलमा देखा परेको राहदानीसम्बन्धी समस्या केही हदसम्म समाधान समेत भएको थापाले बताए।

पोर्चुगलमा नेपाली दूतावास नहुँदा राहदानीसम्बन्धी समस्या झेल्दै आएका नेपालीले शिविरमार्फत सेवा पाउँदा राहतको अनुभूति गरेका छन्। शिविरले विशेषतः यहाँको कागजी प्रक्रियामा रहेका तर राहदानीको म्याद गुज्रेका र राहदानी बिहीन भएका नेपालीलाई राहत मिलेको छ। घुम्ती शिविर मार्फत् पोर्चुगलमै राहदानी सेवा पाएको भन्दै सेवाग्राही नेपालीले खुशी व्यक्त गरेका छन्।

शिविरलाई गैरआवासीय नेपाली संघ पोर्चुगलले व्यवस्थापन गरेको थियो भने लिस्बनस्थित रहेको अवैतनिक नेपाली महावाणिज्यदूतावाससहित यहाँ क्रियाशील नेपाली संघ-संस्थाले समन्वय र सहजीकरण गरेका थिए। १२ दिनसम्म सञ्चालन भएको शिविरमा विभागका दुई र फ्रान्सस्थित नेपाली दूतावासका दुई गरी चार जना कर्मचारी खटिएका थिए।

# नदी कटान नियन्त्रण गर्न दैवी प्रकोप उद्धार समितिको आग्रह

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ३० साउन

बागमती र लाल वकैया नदीले रौतहटका विभिन्न स्थानमा गरी रहेको कटान नियन्त्रणको काम तत्काल काम शुरु गर्न सम्बन्धित निकायलाई आग्रह गरिने भएको छ। सो दुवै नदीले जिल्लामा कटानबाट बचाउन लाल बकैया बागमती नदी नियन्त्रण कार्यालय परवानीपुर बाराले गरिरहेको काममा स्थानीय तहले सहयोग गर्न जिल्ला दैवी प्रकोप उद्वार समिति गौरको बुधबार बसेको बैठकले आग्रह गरेको हो।



स्थानीय तहको आग्रहमा नदी कटान नियन्त्रणको कार्य तत्काल आगाडि बढाउने निर्णय गरेको हो। केही दिनदेखि लगातार भइरहेको वर्षासँगै दुवै नदीमा आएको बाढीले जिल्लाका विभिन्न स्थानमा कटान भइ रहेका छन्। जिल्लाका माघव नारायण नगरपालिकाको गढो दुर्गा भगवतिको भलोहिया, मौलापुर नगर पालिका वडा नम्बर १ मर्यादपुर गौर नगरपालिका वडा नम्बर ४ टिकुलिया र बौधिमाइ नगरपालिका वडा नम्बर १ बौधामा भइरहेको कटान नियन्त्रण गर्न तत्काल कार्य गर्ने निर्णय भएको इन्जिनियर मनोज पटेलले बताए। बैठकमा नेकपा एमाले जिल्ला अध्यक्ष सचितानन्द साहले एकै ठाउँमा बर्सेनी करौडौंको बजेट लापरबाही साथ खर्चिनु परेकोमा गम्भीर ध्याकषर्ण भएको बताएका छन्। नेकपा माओवादी केन्द्र अशोक जयसवालले बारम्बार नदी कटानको समस्या स्थायी समाधानका लागि सिँचाइ विभाग अर्थमन्त्रीकोमा गएर आग्रह गर्नुपर्नेमा जोड दिएका थिए।

सामुहिक प्रयत्नले मात्र नदी नियन्त्रण सम्भव रहेको उनले बताए। दुबै नदी रौतहटका लागि चुनौति र बरदान दुवै भएको उनले बताए। जिल्ला दैवीप्रकोप उद्वार समिति रौतहटका अध्यक्ष प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीको अध्यक्षतामा भएको बैठकमा जिल्ला समन्वय समितिका प्रमुख रामअयोध्या राय यादव, गौर नगर प्रमुख शम्भु साह कानु, परोहा नगर प्रमुख शेख वकिल, मौलापुर नगर प्रमुख रिना साह, दुर्गा भगवति गाउँ पालिका अध्यक्ष शम्भु सिंह, प्रहरी उपरीक्षक दिलिप धिमिरे, सशस्त्र प्रहरी उपरीक्षक विक्रम हुमागाई, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक अभिनय कुमार सिंह, नेकपा एमाले केन्द्रीय सदस्य अजय कुमार गुप्ता, नेकपा एसका केन्द्रीय सदस्य रेवन्त झा, लोसपाका केन्द्रीय सदस्य अनिल कुमार सिंहसहित राजनीतिक दलका प्रतिनिधि, विभिन्न कार्यालयका प्रमुख, संघसंस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो।

साउदीमा रोजगारको अवसर | कम्पनी: AHLAM AYED MUTLAQ AL-OTAIBI EST. TO SERVE MEALS
शहर: AL Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०४/२४ चलानी नं.: ६०२२३३१९ LT. No.:308662

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1100 | ३९,२८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ६ गते ( 22 August 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

इजाजत पत्र नं. ३९८/०६०/०६१
फ्रेन्डशिप म्यानपावर कन्सल्टेन्सी प्रा. लि.
बसुन्धारा-३, काठमाडौं, नेपाल फोनः ५९०४९५५, फ्याक्सः ४४३४४६६
Email: info@friendshipmanpower.com | Web.: www.friendshipmanpower.com

कुवेतमा रोजगारको अवसर | कम्पनी: HABBA BUKHARI RESTAURANT CO.
शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०४/३० चलानी नं.: ६०२२३५८४ LT. No.: 308936

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver (Nepali License) | 5 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६१,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Salad Maker | 10 | 0 | | 130 | ५६,९१७ | | | | | | | |
| 3. | Waiters | 10 | 0 | | 130 | ५६,९१७ | | | | | | | |

कम्पनी: BUBBLES WORLD OF REFRESHMENTS शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०४/३० चलानी नं.: ६०२२३५८५ LT. No.: 308937

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Juice Maker (Fresh Juice) | 2 | 8 | सम्बन्धित काममा दक्ष | 140 | ६१,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 8 | 0 | | 140 | ६१,२९५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ ६ गते (22 August 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt.Lic.No 1061/073/74
Guideline Recruitment Service Pvt. Ltd.
Basundhara Chauki, Kathmandu, Tel.: 4389497, 9822506451.
Email: info.guideline2024@gmail.com, www.guidelinerecruitment.com.np.
Web: www.guidelinerecruitment.com

# मन्त्रालय मातहतका निर्माणाधीन कामहरू समयमै सम्पन्न गर्न मन्त्री भण्डारीको निर्देशन

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ३० साउन



कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले मन्त्रालय मातहतमा रहेका निर्माणाधीन संरचनाको समयमै काम सम्पन्न गर्न निर्देशन दिएका छन् । निर्माण व्यवसायीसँग बुधबार मन्त्रालयमा भएको छलफलमा मन्त्री भण्डारीले निर्धारित समयमा काम सम्पन्न गर्न निर्देशन दिएका हुन् । यसका लागि अबका दिनमा कुनैपनि बाहना बनाउन नमिल्ने उनले बताए ।

अहिले मन्त्रालयअन्तर्गत विभिन्न जिल्लाका १४ वटा योजना सञ्चालनमा छन् । तीमध्ये पाँच वटा योजनाको म्याद सकिएका छन् । उनीहरूका लागि मन्त्रालयले अन्तिम पटक म्याद थप गर्न समन्वय गरिदिने, तर त्यसभित्र काम सम्पन्न गरिनुपर्ने निर्देशन गरिएको छ ।

उनले प्रदेशभित्रको मात्र नभइ अन्तर र्राष्ट्रियस्तरमै प्रतिस्पर्धी हुनेगरी काम गर्न निर्माण व्यवसायीहरुलाई सुझाव दिए । त्यसका लागि निर्माण कम्पनीहरुले बलियो तरिकाले कार्यसम्पादन गर्नुपर्ने उनले बताए । मन्त्री भण्डारीले सरकारका तर्फबाट हुने कुनैपनि काममा ढिलाइ हुन नदिने प्रतिबद्धता जनाए । तर निर्माण व्यवसायीले आफ्नो कारणले काममा ढिलाइ हुँदा सरकारलाई दोष दिन नहुने उनको भनाइ थियो । निर्माण व्यवसायी महासंघ कर्णाली प्रदेशका महासचिव मानव वमले विकास निर्माणका कार्यमा निर्माण व्यवसायीको योगदान भरपूर रहेको बताए । उनले कार्यालयको कमजोरीले पनि समयमा काम सम्पन्न नभएको बताए । उनले केही पक्ष भने निर्माण व्यवसायीको पनि कमजोरी रहेको बताए ।

राज्यका निकाय जस्तै निर्माण व्यवसायीलाई पनि त्यस अनुरूपको व्यवहार गरिनुपर्ने भन्दै उनले विभिन्न तालिम लिने व्यवस्था गर्नुपर्ने माग राखे । उनले आईई/ईआईएलगायतका कारणले भएका ढिलाइले निर्माण कार्यमा प्रभाव परेको दृष्टान्त राखे । कन्स्ट्रक्सन म्यानेजमेन्ट टिम बनाउन पनि उनले सुझाव दिए ।

गौरा श्याम सुन्दर जेभीले प्रदेश अस्पतालको काम गरिरहेको छ । यस अवधिमा करिब ५० प्रतिशत काम सम्पन्न भएको कम्पनीका आधिकारिक प्रतिनिधिले जानकारी गराए । उनले लक्ष्यअनुसार समयमै काम समापन हुने अपेक्षा गरे। सम्झौताअनुसार आगामी २०८२ मंसिर २९ गतेभित्र काम सम्पन्न गर्नुपर्ने छ ।

दैलेख अस्पताल निर्माणको जिम्मा पाएको स्टार कन्स्ट्रक्सनले समयमा काम गर्न नसकिएको जनाएको छ । कोभिड र निर्माणाधीन क्षेत्रमा रुख कटान गर्नुपर्ने कारणले समयमा काम हुन ढिलाइ भएको सञ्चालक तारा शाहीले जानकारी दिइन् । कार्यालयले समयमा भुक्तानी नदिँदा समस्या भएको उनले बताइन् । सञ्चालक शाहीले चालु आर्थिक वर्षभित्र काम सम्पन्न गर्ने मन्त्रीसमक्ष प्रतिबद्धता जनाइन् ।

सल्यान अस्पतालको भवन निर्माणको जिम्मा लिएको आरोव्य सुवेदी जेभीले ६५ प्रतिशत काम सकिएको जनाएको छ । भुक्तानी समयमा नपाएका कारण काम सम्पन्न गर्न ढिलाइ भएको कम्पनीका प्रतिनिधि जितेन्द्र महतोले बताए । यदि समयमा भुक्तानी पाए ३-४ महिनामै बाँकी काम सम्पन्न गर्ने उनले प्रतिबद्धता जनाए ।

रुकुम प्रदेश अस्पतालको काम अबको ४-५ महिनामा सम्पन्न गरिने कम्पनीका प्रतिनिधिले बताए । कम्पनीले गत असार मसान्तमा कार्य सम्पन्न गर्नुपर्ने थियो । उनले पानीको अभावका कारण समयमा काम गर्न ढिलाइ भएको बताए ।

# परियार सेवा समाज अर्घाखाँचीको अध्यक्षमा रमेश परियार चयन




**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३० साउन

परियार सेवा समाज अर्घाखाँचीको पाचौं जिल्ला अधिवेशन नयाँ नेतृत्व चयन गर्दै सम्पन्न भएको छ । समाजका केन्द्रीय संयोजक डिबी परिवारको प्रमुख आतिथ्यतामा भएको उद्घाटन पश्चात भएको बन्द सत्रले रमेश परियारको अध्यक्षतामा २३ सदस्यीय जिल्ला समितिको चयन गरेको छ ।

नयाँ नेतृत्वसँगै समाजले पत्रकार सम्मेलनको आयोजना गर्दै समाज नर्सरी पाठशालाको रुपमा अघि बढ्न खोजेको बताएको छ ।

पत्रकार सम्मेलनमा समाजका पूर्व उपाध्यक्ष खड्क दर्नाल, केन्द्रीय सदस्य अन्जान गौतम परियार, जिल्लाका संस्थापक अध्यक्ष राम बहादुर परियार, प्रदेश सदस्य जंग परियार पूर्व अध्यक्ष रुद्र सुनाम, नि.वर्तमान अध्यक्ष मनिराम परियार लगायत सञ्चारकर्मीहरुको उपस्थित रहेको थियो । कार्यक्रम समाजका अध्यक्ष रमेश परियारको अध्यक्षता तथा पूर्व केन्द्रीय सदस्य बिष्णु परियारको सञ्चालनमा सम्पन्न भएको थियो ।

# चक्कु प्रहार गरी वृद्धको हत्या

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३० साउन



रौतहटको गौरमा चक्कु प्रहार गरी एक वृद्धको हत्या गरिएको छ । बुधबार रौतहटको गौर-५ कोइरी टोलका ७७ वर्षीय अनिरुद्र महतो कोइरीको चक्कु प्रहार गरी हत्या गरिको अवस्थामा धान खेतमा शव फेला परेको हो । प्रहरी उपरीक्षक दिलिप घिमिरे, प्रहरी नायव उपरीक्षक एलिजा गिरी, प्रहरी निरीक्षक उमाशंकर गुप्तासहितको टोलीले घटनाको अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । घटनास्थल पुगेका गौर नगरपालिकाका मेयर शम्भु साह र वडा अध्यक्ष शिवशंकर यादवले घटनामा संलग्नलाई यथाशीघ्र पक्राउ गरेर कानून अनुसार कारबाही गर्ने आश्वासन दिएका छन् ।


## Cyprus मा रोजगारको अवसर

कम्पनी: **Orthodoxou Employment Bureau Ltd.,** Cyprus, Larnaca

पूर्व स्वीकृती मिति : २०८०।६।१२ | चलानी नं. ६०२०८३७६ | LT.No. 293278 पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labourer | 5 | 5 | काममा दक्ष | 465 | ६८,११७।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.३०,०००।- |

अन्तर्वार्ता २०८१ भाद्र ६ गते (22Aug., 2024) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

APPS Govt. Lice. No.: 1172/073/074
**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

## साउदीमा रोजगार।

कम्पनी : ROAD NETWORK CORPORATION FOR LAND TRANSPORT
शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०४/२९ | चलानी नं.: ६०२२३५४२ | LT. No.:308906

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 14 | 0 | स. काममा दक्ष | 1800 | ६४,२७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RAWAFED AL-MUSTAQIL CONTRACTING EST.
शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०४/२९ | चलानी नं.: ६०२२३५४१ | LT. No.:308907

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 16 | 0 | स. काममा दक्ष | 1200 | ४२,८५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ ६ गते (22 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/– कामदारले व्यहोर्ने | रु. १,५००/– कामदारले व्यहोर्ने | रु. १०,०००/– कामदारले व्यहोर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

इजाजत नं. १२८३/०७४/०७५
**Believable Overseas Pvt.ltd.**
Maharajgunj , Chakrapathe, Sallaghari, Kathmandu, Tel No: 01-4378500, 4378501

यस मेनपावर कम्पनीको माथि उल्लेखित विज्ञापन मिति २०८१/०४/३० गते प्रकाशित हुनुपर्नेमा भुलवस गर्न छुटिएकोले मिति २०८१/०४/३१ गते प्रकाशित गरिएको छ ।

## UNITED KINGDOM मा रोजगार।

कम्पनीः BRITANNIA RISKS GROUP
शहरः United Kingdom
पूर्व स्वीकृत मितिः २०८१/०१/०७ | चलानी नं.: ६०२१८४३९ | L.T. No.: 303558 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब GBP | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Basic Maritime Staff | 150 | 50 | सम्बन्धित काममा दक्ष | 600 | १०२८५५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Maritime Security Operators | 43 | 0 | | 600 | १०२८५५८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ भदौ ५ गते (21 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com
Mobile: 9849835502 | 9818106406 | 9813571379 | 9802853456
Chitwan : 9865087111, Ithari : 9851060167 | Phokhara: 9802853454

यस मेनपावर कम्पनीको माथि उल्लेखित विज्ञापन मिति २०८१/०४/३० गते प्रकाशित हुनुपर्नेमा भुलवस गर्न छुटिएकोले मिति २०८१/०४/३१ गते प्रकाशित गरिएको छ ।


## रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

### विद्युतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०४/३१**

यस कार्यालयको स्वीकृत कार्यक्रमअनुसार **Barsha le bigareko sadak marmat sambhar, RRM, ward 1 to 8, Udayapur** योजनाको लागी तपसिल बमोजिमको निर्माण कार्य गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनीले बोलपत्र पाइने स्थान, दस्तुर, विडवण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website: www.rautamaimun.gov.np र सूचना पाटीमा साथै यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website: www.ppmo.gov.np मार्फत हेर्न सकिने र बोलपत्र सम्बन्धी कागजात www.bolpatra.gov.np/egp मा राखी यो विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरिएको छ ।

**बोलपत्र सम्बन्धी निर्माण कार्यको विवरण**

| सि. नं. | बोलपत्र नं. | कार्यको विवरण | स्वीकृत ल.ई. रकम (पि.एस. आइटम र भ्याट वाहेक) रू. | धरौटी रकम रू. | निर्माण कार्य | बोलपत्र दस्तुर रू. |
|---|---|---|---|---|---|---|
| १. | RRM/NCB/ Works/01/2081-082 | Barsha le bigareko sadak marmat sambhar, RRM, ward 1 to 8, Udayapur | 21,84,769.75 | 65,000.00 | नेपाल सरकार बाट मान्यता प्राप्त फर्म, कम्पनी | रु. ३,०००/– |

**प्रमुख प्रशासकीय अधिकृत**

## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

**प्रकाशित मिति : २०८१/०४/३१ गते**

यस फर्म/कम्पनीले चाईना/इण्डिया बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | औसत क्षमता | शुद्ध क्षमता | उत्पतिको मुलुक/ राष्ट्र | ईकाई | प्रतिईकाई भ्याट सहितको मूल्य रु. | अधिकतम खुद्रा विक्री मूल्य रु. (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Refrigerator | 596*690*1260 | ROWA | RS-225CBL(P) | 225L | 190L | INDIA | Pcs | 35,651.00 | 35,651.00 | |
| 2 | Refrigerator | 596*690*1260 | ROWA | RS-225CML(P) | 225L | 190L | INDIA | Pcs | 35,651.00 | 35,651.00 | |
| 3 | Refrigerator | 596*690*1350 | HITECH | HS-245CML | 245L | 215L | INDIA | Pcs | 38,634.00 | 38,634.00 | |
| 4 | Refrigerator | 596*690*1350 | ROWA | RS-245CML(P) | 245L | 215L | INDIA | Pcs | 38,634.00 | 38,634.00 | |
| 5 | Refrigerator | 596*690*1260 | HITECH | HS-225CML | 225L | 190L | INDIA | Pcs | 35,651.00 | 35,651.00 | |
| 6 | Refrigerator | 596*690*1260 | HITECH | HS-225CBL | 225L | 190L | INDIA | Pcs | 35,651.00 | 35,651.00 | |
| 7 | Refrigerator | 596*690*1260 | HITECH | HS-225LS | 225L | 190L | INDIA | Pcs | 35,651.00 | 35,651.00 | |
| 8 | Refrigerator | 596*690*1260 | JN HITACHI FUJIAN | HF-219DSL | 219L | 190L | INDIA | Pcs | 35,651.00 | 35,651.00 | |

**जे.एन.इण्डस्ट्रीज प्रा.लि., सँत्तुगल, काठमाडौं, फोन नं.: ९८०१३१५७५० स्थायी लेखा नं.: ६०१८५६५५८**

## Ratnanagar Municipality
## Office of Municipal Executive
Ratnanagar
Chitwan, Nepal

### Notice for Invitation of Bid

**First Date of publication: 2081-04-31 (15th Aug, 2024)**

Ratnanagar Municipality, Chitwan invites electronic bids from Nepalese eligible bidders for the Constructions of following projects of Ratnanagar Municipality under National Competitive Bidding procedures.

| SN | Name of Project | IFB No: | AAT | Bid security amount in NRs. | Bid Document fee amount in NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction Of Asphalt concrete and RCC Rigid Pavement works at ward no. 11 and 12 of Ratnanagar Municipality. | RAT/ CHITWAN/ works/NCB/ 7/2081-82 | 30577613.02 | 660260 .00 | 5,000.00 | |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website http://www.bolpatra.gov.np/egp or may visit website of **Ratnanagar official website** ( http://www.ratnanagarmun.gov.np). The Last date of submission of bid is 15th Sep 2024 (2081-05-30) till 12:00 noon time for NCB.

**Chief Administrative Officer**


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscs@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
३१ साउन २०८१, बिहीबार
15 August 2024, Thursday

## सम्पादकीय

# संसदमा चलिरहेको अभिनय

सभामुख देवराज घिमिरेले भदौ महिनाको प्रश्नोत्तर कार्यक्रमका लागि सांसदहरूसँग प्रश्न मागेका छन् । बुधबारको प्रतिनिधि सभा बैठकमा सभामुख घिमिरेले प्रधानमन्त्री केपी शर्मा ओलीलाई सोध्न चाहेको प्रश्नहरू बुझाउन समय दिएका हुन् । सभामुखले दिएको समय बमोजिम आगामी २ भदौभित्र सांसदहरूले प्रधानमन्त्रीलाई सोधिने प्रश्नहरू बुझाउने छन् । सभामुखको सूचना पालना गरी प्रश्न बुझाएका सांसदहरूले आगामी ६ भदौको प्रतिनिधि सभा बैठकमा भाग लिनेछन् । प्रधानमन्त्री ओली पनि संसद सचिवालयबाट आएको प्रश्नहरूको जवाफपत्र बोकेर त्यसदिनको बैठकमा जानेछन् । प्रश्नोत्तर कार्यक्रम सुरू भएपछि सभामुखले प्रश्नकर्ता सांसदलाई आफ्नो प्रश्न पढ्न समय दिनेछन् भने प्रधानमन्त्री ओलीले रोष्ट्रममा जवाफ उभिएर दिनेछन् । यसरी पूर्वनिर्धारित प्रश्न र जवाफहरूको स्क्रिप्टेड सभा चल्नेछ ।

पहिल्यै पठाइएको प्रश्न र कर्मचारीले आवश्यक समय लिएर तयार पारेको जवाफ संसदमा प्रस्तुत गरिने प्रश्नोत्तर कार्यक्रम विगत केही समयदेखि चल्दै आएको छ । सत्ता फेरिदै पुष्पकमल दाहाल प्रचण्डलाई हटाएर प्रधानमन्त्री बनेका ओलीले पहिलेकै प्रचलनलाई निरन्तरता दिएका हुन् । यो निरन्तरतालाई संसद सचिवालय, सांसद र प्रधानमन्त्रीले पनि सरकारलाई जवाफदेही बनाउने प्रयास भनेका छन् । एकहिसाबले हेर्दा जवाफदेही सरकारको अभ्यास जस्तो पनि देखिन्छ । तर पूर्णतः स्क्रिप्टेड सवाल–जवाफबाट सांसदहरूप्रति प्रधानमन्त्री जवाफदेही रहेको मान्न स्वयं सांसदहरू तयार देखिदैनन् । कतिपय सन्दर्भमा त प्रश्नोत्तर नै असान्दर्भिक बन्ने गरेको छ । प्रश्न संकलन भइसकेपछि राष्ट्रिय राजनीतिक घटनाक्रम फेरिदा अथवा नयाँ घटना विकास हुँदा सवाल–जवाफ असान्दर्भिक हुन जान्छ ।

यो प्रश्नोत्तर मात्र नभएर सिंगो हाउसको सञ्चालन नै कहिलेकाही नाटकीय जस्तो देखिने गरेको छ । जनताको समस्याप्रति सरकारलाई उत्तरदायी बनाउनुपर्ने सांसदहरूले दलीय पक्षधरता निर्वाह गर्दा त्यस्तो समस्या आइलाग्ने गरेको हो । विपक्षी बेञ्चमा हुँदा जसरी पनि सरकारलाई अप्ठ्यारो पार्ने उद्देश्य राख्ने अनि सत्ता पक्षमा गएपछि सत्य कुरा पनि संसदमा भन्न नसक्ने प्रवृत्ति देखिनु नौलो कुरा होइन । अझ प्रधानमन्त्रीकै पार्टीका सांसदहरूले कहिल्यै पनि जनताको वास्तविक कुरा भन्ने गरेका छैनन् । त्यसैले एकप्रकारले संसदमा सांसदहरूले पूर्वनिर्धारित पात्र बमोजिमको अभिनयमा रहने गरेका छन् । यस्तो प्रवृत्तिले जनताको वास्तविक समस्याप्रति सरकारलाई जवाफदेही बनाउने र काम गर्न नसके हटाउने संस्कृति निर्माण हुन सक्दैन, सकेको छैन । सरकार ढल्ने कारण सधैं संसद नभएर बाहिरका गतिविधि र निर्णय हुने गरेको छ ।

# व्यवहारिक शिक्षाको खोजी

*हाल नेपालमा शिक्षा प्रणाली सैद्धान्तिक ज्ञान दिन सके पनि व्यावसायिक, व्यवहारिक र मौलिक शिक्षा दिन सकिरहेको देखिँदैन ।*

**अग्रलेख**



● शिवकुमार श्रेष्ठ

हरेक दिनको बिहानी नयाँ हो, त्यस नयाँ दिनका लागि नयाँ ज्ञान, सोच र चिन्तन चाहिन्छ । हिजोको घमन्ड बोक्नु प्रतिगामी चरित्र हो । नयाँ नेपाल बनाउने जिम्मेवारी, नयाँ पुस्ताको काँधमा आएको छ । आजका नयाँ पुस्ता विद्यार्थीहरू नै भोलिको नेपाल हाँक्ने संवाहक हुन । नयाँ पुस्तामा आशा र उत्साहका संसार हुन् । युगान्तकारी शिक्षा नै नयाँ नेपाल र नेपालीको भविष्य निर्माण गरी समृद्ध, सम्पन्न, सभ्य र सुसंस्कृत नेपालका आधारशिलाहरू हुन् । उनीहरू देशका ऊर्जाशील शक्ति हुन् । नयाँ पुस्तालाई पढ्नुको विकल्प नभएकोले राम्रो लक्ष्य लिएर पढ्नु बुद्धिमानी ठहरिन्छ । समाजलाई योगदान पुऱ्याउन पर्छ भन्ने भावनाले पढ्नु पर्छ र देश बनाउने सपना बोकेर पढ्नु पर्छ ।

शिक्षाका नारा कार्यान्वयनमा फितलो भएकै कारण शिक्षा उन्नति र प्रगति सोचे जस्तो हुन सकिरहेको छैन । शिक्षालाई सार्थकता बनाउन नीति नियम, स्रोत साधन र प्रभावकारी कार्य योजना आवश्यकता पर्दछ । शिक्षालाई सीपमूलक र समावेशी बनाउँदै भविष्यमा युवा वर्गले आफ्नो सीप, श्रम र साधनलाई स्वदेशमै उपयोग गर्नु सकुन् । यस्ता योजना सरोकारवाला व्यक्तिले प्रत्यक्ष अनुभूति गर्न सकुन् । सरोकारवाला पक्ष सबैको उत्साहजनक सहभागिता हुन सके शिक्षाले सार्थता पाउन सक्छ । हाल नेपालमा २०८० सालको तथ्याङ्कअनुसार प्राथमिक विद्यालयदेखि उच्च शिक्षासम्म ९७ लाख विद्यार्थी करिब १ करोड अभिभावक र ४ लाख शिक्षक, कर्मचारीहरू कार्यरत छन् । वि.सं.२०७८ को जनगणना अनुसार ७६.२ प्रतिशत साक्षर छन् । जसमा पुरुष ८३.६ प्रतिशत, महिला ६९.४ प्रतिशत छन् । शिक्षण संस्थाहरूले समयानुसार मान्य सामाग्री र विधिलाई परिमार्जन र परिष्कृत गर्दै डिजिटल तथा इ-लर्निङ्ग शिक्षण सिकाइको वातावरण गर्नु दूरदर्शिता ठहरिन्छ । सरोकारवाला सबै पक्षको गुणस्तरीय शिक्षा विकासका लागि दृढ इच्छाशक्ति नहुनाको कारण पनि आशा गरे जस्तो शैक्षिक उपलब्धि हुन सकेको छैन । शिक्षा क्षेत्रको विकृति, विसङ्गति र क्षतिलाई कम गर्न सम्पूर्ण सरोकारवालाहरू बिच आपसी सद्भाव, सहयोग, सहकार्य, समन्वय र समीक्षा गरेको खण्डमा सुधार हुनेमा कुनै दुई मत छैन ।

राज्यको समृद्धिका लागि विज्ञान, प्रविधिका साथै सीपयुक्त शिक्षा चाहिन्छ । शिक्षाले मानिसमा अद्भुत क्षमता निर्माण गर्नुको साथै जिम्मेवारी बोध गराउन सिकाउँछ । विद्यार्थीमा उत्पादन र सिर्जनाको चेतना भर्ने, देशभक्ति भर्ने, नयाँ संस्कृतिको निर्माण र भरोसा भर्ने जस्ता कठिन र गरिमामय कार्य गर्ने जस्तो कठिन र काम शिक्षकमा निहित छ । शिक्षकमा संसारको अवलोकन गर्न सिकाउने कला हुनाले आफू दुःख कष्ट सहेर पनि आफ्नो शिष्यलाई आदर्शवान बनाउन प्रर्यत्नरत हुन्छन् ।

हाल नेपालमा शिक्षा प्रणाली सैद्धान्तिक ज्ञान दिन सके पनि व्यावसायिक, व्यवहारिक र मौलिक शिक्षा दिन सकिरहेको देखिँदैन । उच्च शिक्षासँगै भविष्य सुनिश्चित नहुँदा रोजगारीको लागि बिदेसिनु बाध्यकारी बनेको छ । यसरी बिदेसिनुको कारणमध्ये गुणस्तरीय, व्यावसायिक शिक्षा, रोजगारीको खोजी, विलासिता र स्वतन्त्र जीवनको खोजी देखिन्छ । विद्यालयमा पूर्वाधारको कमी, नियमित पढाइको अभाव, समयमा परीक्षा नहुनु, नतिजाको प्रतीक्षा लामो समय कुर्नु पर्ने बाध्यता




*संकट पर्दा देशका लागि निःस्वार्थ लड्ने र आवश्यक पर्दा बलिदान दिन सक्ने शिक्षा प्रणालीको आवश्यकता छ । अबको शिक्षा समाजवाद उन्मुख बहुप्राविधिक हुनुपर्दछ । जसले वैज्ञानिक र व्यवहारिक शिक्षाको विकल्प हुन सकोस् ।*

पनि नेपालको शिक्षा प्राप्तिमा नैराश्यता उत्पन्न भएकोलाई स्विकार्न सकिन्छ । सन् १८७७ मा टोकियो विश्वविद्यालयले युरोपसँगको शैक्षिक सहकार्य नयाँ विज्ञान, प्रविधि विकासको जगतमा छोटो समयमा उदाहरणीय बनेका छन् । नेपालको सर्वाधिक विकासका लागि दक्ष जनशक्ति तयार पार्ने स्तरीय शिक्षा दिने, विविध पक्षमा अनुसन्धान गर्ने उद्देश्य राज्यले दिए पनि कार्यान्वयन फितलो भएको कारण विद्यार्थीहरू शारीरिक, मानसिक रूपमा असन्तुष्ट भई आफूलाई कमजोर र निराश ठान्न मजबुर छन् । वर्तमान नेपालको सामाजिक, सांस्कृतिक, आर्थिक र प्राविधिक विकाससँग आजका पुस्ता तुलनात्मक रूपमै विकल्पको खोजीमा छन् । शैक्षिक प्रक्रियाको दक्षताका लागि सबैभन्दा महत्त्वपूर्ण पाटो भनेको अनुसन्धानको निष्कर्षअनुसार आफूलाई बदल्नु हो । आजीवन शिक्षाको आवश्यकताबारे गहिरो सम्बन्धका लागि पढाई र कार्यस्थल वातावरणमैत्री र लचिलो हुनुपर्छ ।

नेपालका विश्वविद्यालयले सीप विकास गर्न प्रविधि र अनुसन्धानको पाटोसँग जोडेर पढाउन आवश्यक छ । नेपाल सरकार परराष्ट्र मन्त्रालयले ब्रेन गेन सेन्टर स्थापना गरेको छ । यसको मूल उद्देश्य उत्कृष्ट प्रतिभालाई मूलतः स्वदेशमा फर्काउने हो । यसका पाँच उद्देश्यमा : पहिचान गर्ने, प्रवर्द्धन गर्ने, जोडने, परिचालन गर्ने, पुरस्कृत गर्ने छ ।

यस सेन्टरले दक्ष जनशक्तिको प्रतिभालाई देश हितमा प्रयोग गर्ने नीति लिएको छ । संकट पर्दा देशको लागि निःस्वार्थ लड्ने र आवश्यक पर्दा बलिदान दिन सक्ने शिक्षा प्रणालीको आवश्यकता छ । हाम्रो देशमा शिक्षा जीवनसँग जोडिएको हुनुपर्छ । जीवनको मुख्य समस्या बुझ्ने र समाधान गर्न बाटो खोज्ने शिक्षाका साथै, ज्ञान र सीपलाई सर्वाङ्गीण विकासका लागि उपयोग गर्ने, शिक्षा प्रणाली नै अहिलेको परम्परागत शिक्षा प्रणालीको विकास हुन सक्छ । अबको शिक्षा समाजवाद उन्मुख बहु प्राविधिक हुनुपर्दछ । जसले वैज्ञानिक र व्यवहारिक शिक्षाको विकल्प हुन सकोस् ।

शिक्षा आर्जन गरेर मात्र हुन्न, त्यसलाई उपयोगी शिक्षामा परिणत गर्न जान्नु र व्यवहारिक ज्ञानमा बदल्नु सक्नु यथार्थ शिक्षा हो । हरेक मानिसले तल्लीनतासाथ काम गर्नुपर्छ तब मात्र उसलाई सफलता प्राप्त हुन्छ । साथै, सफलताको लागि जबसम्म उच्च आत्म अभिमान र आत्मबलका साथ उत्साह भर्न सकिन्न तबसम्म सफलता हात पार्न सकिन्न । महान् वैज्ञानिक अल्वर्ट आइन्स्टाइनले भनेका युक्तिहरू हाम्रो जीवनमा मौका पटक-पटक आइरहँदैन । जब आउँछ, त्यसलाई खेर जान नदिई समाइ हाल्नुपर्छ । त्यसरी अचानक आएको मौकाको सही सदुपयोग गर्न सकिएन या जानिएन भने जीवनभर पछुताउनु पर्ने पनि हुनसक्छ । त्यसैले सिरमाथि आउने मौकालाई फुत्त उफ्रिएर समाई हाल्नुपर्छ भनी त्यतिकै भनेका होइनन् ।

२०८० साल चैत्रमा लिइएको एसइईको परीक्षामा देशभरबाट ५ लाख ४ हजार ४ सय १४ जना विद्यार्थी सहभागी थिए । यस पटक परीक्षा बोर्डले कम्तीमा ३५ प्रतिशत अंक ल्याउनु पर्ने र प्रयोगात्मक विषयमा ४० अंक उत्तीर्ण हुन ल्याउनु पर्ने अनिवार्य नियम लागु गरेको छ । यस्तो नीति नियमले धेरै विद्यार्थीले परीक्षा उत्तीर्ण हुनबाट वञ्चित भए । ज्ञान, सीप र प्रविधि २१औँ शताब्दीमा सबैभन्दा सशक्त भएर आएको छ । शिक्षामा लगानी वृद्धि गरी गुणस्तरीय, पूर्वाधार, प्राविधिक तथा व्यवस्थापन क्षेत्रमा सुधार गर्नु छ । विज्ञहरूसँग बहुमूल्य ज्ञान, सीप हुन्छन्, जुन उनीहरूको सहमति बिना प्रयोग गर्न सकिँदैन भन्ने तथ्य विशेष नीति र राजनीति बिचको जटिल अन्तरक्रियाका लागि आंशिक रूपमा जिम्मेवार हुन्छ । वैज्ञानिक र विज्ञहरू पैसाबाट अभिप्रेरित हुँदैन । बरु अन्वेषणको प्रक्रिया र त्यसबाट आफूले प्राप्त गर्ने सामाजिक मान्यताबाट उनीहरूले सन्तुष्टि प्राप्त गर्दछन् । शिक्षा आर्जन गरेका बुद्धिजीवी चिन्तनशील हुन्छन्, ज्ञानको निर्माण गर्दछन् र सो ज्ञानलाई औजारको रूपमा समाज रूपान्तरणमा प्रयोग गर्ने क्षमता राख्दछन् । शिक्षित व्यक्ति अध्ययनको आनन्दमा चुर्लुम्म डुबी ज्ञानका हिरा सँगालेर बसेका हुन्छन् । समावेशी र समतामूलक बन्न सचेत प्रयास नगरेमा मानवको प्राविधिक ज्ञान र नयाँ-नयाँ आविष्कार गर्ने क्षमताले मात्र यस महत्त्वपूर्ण स्थान रहन्छ ।

## सामाजिक सञ्जाल



**- सरोज पोखरेल**

उताका विदेश सचिव विक्रम मिस्रीले यताका प्रधानमन्त्रीलगायत सबै ठूला नेतालाई बेफिक्री भेटे । हाम्रा प्रमले चाहीं उताका प्रमलाई कैयन दिन रूगेर पनि भेट्न पाउँदैनन् । यो सब हाम्रा नाकाम नेताहरूको परनिर्भर प्रवृत्ति र दास मानसिकताको परिणाम हो । यो सब देख्दा सार्वभौम नेपाल हो कि भोपाल हो शंका लाग्छ ।



**- जयन्त नाथ खनाल**

भ्रष्टाचारको 'हद म्याद' कुशासनको चरम रूप हो ! राजनैतिक प्रतिशोधको रूपमा प्रयोग गरिन्छ भन्ने कुतर्क गरिन्छ भने स्वतन्त्र न्यायपालिका छ होला नि, छैन भने कबुल गरौं यो नियन्त्रित लोकतन्त्र हो । मेरो विचारमा भ्रष्टाचारीलाई मरणोपरान्त पनि र राष्ट्रघातीलाई पुनर्जन्मसम्म पनि दण्डित गरिनु पर्छ ।



**- ओमकुमार थापा**

हत्या, बलात्कार, अपहरण, एसिड आक्रमण र भ्रष्टाचार जस्ता जघन्य अपराधमा पनि हदम्याद राख्नुपर्छ भन्ने सांसदहरू किन र केका लागि कहाँबाट परिचालित छन्, अब त शंका गर्नैपर्ने भो । जनताको करबाट सेवा सुविधा लिएर जनताकै लागि राजनीति गरेका हौ भन्ने तिमीलाई सामाजिक बहिष्कार गर्नैपर्छ ।



**- विश्वरसिंह मेवाहाङ**

राणाकालमा कांग्रेसहरू क्रान्तिकारी लाग्थे । पञ्चायतकालमा कम्युनिस्टहरू क्रान्तिकारी लाग्थे । बहुदल आएपछि माओवादीहरू क्रान्तिकारी लाग्थे । जब गणतन्त्र आयो, राजावादीहरू क्रान्तिकारी लाग्न थाले । कारण एउटै छ- सत्ता नपाउन्जेल सबै क्रान्तिकारी, सत्ता पाएपछि सबै भ्रष्टाचारी ।

# नेपाल–चीन सम्बन्धका आधार

**विचार**



● महेन्द्रप्रकाश सिवाकोटी

*समग्रमा नेपाल र चीनबीचको सम्बन्ध सुमधुर, गहिरो र भरपर्दो हुनुपर्छ । चीनको सुरक्षाका लागि नेपाल र नेपालको सुरक्षाका लागि चीन एक–आपसमा कटिबद्ध, मजबुत र एकताबद्ध हुन सकेको खण्डमा दुवै देश एसियाका चम्किला तारा झैँ स्थापित हुनेछन् ।*

नेपाल र चीनबिच दौत्य सम्बन्ध स्थापना भएको ७० वर्ष पुगेको छ । नेपाल र चीन, दुई पुराना सभ्यताका प्रमुख मित्रराष्ट्रहरू, अनादिकालदेखि नै आपसमा गहिरो सम्बन्ध राख्दै आएका छन् । हिमालय पर्वतको श्रृखंला र विभिन्न भौगोलिक, सांस्कृतिक, आर्थिक, सामाजिक र ऐतिहासिक पक्षहरूले जोडिएका यी दुई देशबिचको सम्बन्ध औपचारिक र अनौपचारिक तहमा विकसित हुँदै आएको छ ।

नेपाल र गणतन्त्र चीनको बिच दौत्य-सम्बन्ध स्थापना गर्ने सम्झौतामा २०१२ श्रावण १२ गते (२७ जुलाई १९५५) मा हस्ताक्षर भएको थियो । दुवै सरकारले पाँच सिद्धान्तलाई आपसको सम्बन्ध सञ्चालन गर्ने मूल सिद्धान्त हुनुपर्छ भन्ने स्वीकार पनि गरेका छन् । यसमा एकले अर्कोको सार्वभौमिकता र राज्य क्षेत्रको अक्षुण्णताको सम्मान गर्ने, अनाक्रमण, आर्थिक, राजनैतिक र सैद्धान्तिकरूपका कुनै कारणबाट पनि एकले अर्कोको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने, समानता र पारस्परिक हित र शान्तिपूर्ण सहअस्तित्वलाई स्वीकार गरिएको थियो ।

नेपालको परराष्ट्र नीतिको प्रमुख लक्ष्य सुरक्षा हो । नेपालको चीनप्रतिको सम्बन्धको मुख्य आधार भनेको नेपाल दुई ठुला राष्ट्रबिचको राष्ट्र भएकाले सुरक्षा र स्वाधीनता नै यसको मुख्य विषय भएको छ । चीनसँगको सम्बन्धको प्राथमिक आधार पनि यही नै हो । चीनको दक्षिणमा रहेको नेपाल हुँदा नेपालले सधैँ चीनको सुरक्षाको लागि महत्त्वपूर्ण स्थान लिएको छ । चीन सधैँ हिमालय क्षेत्रमा शान्ति र स्थायित्व चाहन्छ । यस्तै, चीनको नेपालसँगको दोस्रो स्वार्थ भनेको तिब्बतमा स्थायित्व कायम गर्नु हो । तिब्बतमा बारम्बार हुन सक्ने अस्थिरताबाट सुरक्षित हुनका लागि चीनले नेपालबाट चीनविरुद्ध हुने कुनै पनि कदमलाई प्रोत्साहित नगरियोस् भन्ने कुरामा ध्यान दिई यसैका लागि सन्धि-सम्झौताहरूमार्फत यो स्थिति प्राप्त गर्न खोजेको पाइन्छ । चीनको तेस्रो स्वार्थ भनेको अन्तर्राष्ट्रिय क्षेत्रमा चीनको नीतिको राजनीतिक समर्थन चाहेको देखिन्छ । एक चीनको नीतिको रूपमा तिब्बत तथा ताइवानलाई अलग राज्य नमानी एउटै राज्यको रूपमा मान्यता नेपालले कायम राखोस् भन्ने चीनको स्वार्थ देखिन्छ ।

नेपालले चीनबाट वर्तमान परिवर्तित सन्दर्भमा पूर्वाधार विकास, व्यापार र बजार पहुँच, पर्यटन, सांस्कृतिक र शैक्षिक आदान-प्रदान, जलवायु परिवर्तन र वातावरणीय सहकार्य, आर्थिक सहयोगमा वृद्धिजस्ता क्षेत्रहरूमा लाभ लिन सक्छ । पूर्वाधार विकासका लागि नेपालले चीनबाट सडक, रेल्वे र ऊर्जा परियोजनामा लगानी वृद्धि गर्न पहल गर्नुपर्छ । चीनसँगको सहकार्यले नेपालको भौगोलिक सम्पर्कमा सुधार ल्याई व्यापार, पर्यटन, र क्षेत्रीय विकासलाई तीव्र बनाउन सक्छ । यो प्रयासले देशभित्रको यातायात प्रणालीलाई पनि आधुनिकीकरण गर्न मद्दत पुऱ्याउनेछ । यसले नेपालको आर्थिक वृद्धि र समृद्धिमा महत्त्वपूर्ण योगदान दिन सक्छ । नेपालले चीनसँगको सम्बन्धबाट पर्यटन, कृषि, र उत्पादन क्षेत्रमा चिनियाँ लगानी आकर्षित गरेर अझै धेरै लाभ लिन सक्छ । व्यापारिक मार्गहरू, जस्तै ट्रान्स-हिमालय बहुआयामिक सम्पर्क नेटवर्क विकास गर्नाले व्यापार र लगानीमा वृद्धि हुन सक्छ ।

यसैगरी, दुई देशबिचको सांस्कृतिक र शैक्षिक सम्बन्धलाई प्रगाढ बनाउनका लागि छात्रवृत्ति, भाषा कार्यक्रम र संयुक्त अनुसन्धान पहलहरू सञ्चालन गर्न सकिन्छ । यसले दुवै देशका नागरिकहरूबिच आपसी समझदारी बढाउनेछ र शैक्षिक सहकार्यले नेपालको मानव संसाधनलाई सुधार गर्नेछ । यस प्रकारको आदान-प्रदानले दुवै देशका युवाहरूमा मित्रता र सहकार्यको भावना बलियो बनाउनेछ । जलवायु परिवर्तन र वातावरण संरक्षणमा नेपालले चीनसँग सहकार्य गरेर साझा चुनौतीहरूको समाधान गर्न सक्छ । हिमालयको संरक्षण, दिगो विकास, र वातावरणीय व्यवस्थापनका क्षेत्रमा संयुक्त प्रयास गर्न सकिन्छ । य

नेपाल र चीनबिचमा विभिन्न किसिमका सन्धि-सम्झौताहरू भएका छन् । नेपाल र चीनबिचको सम्बन्ध प्राग ऐतिहासिक कालदेखि नै भएको थाहा पाइन्छ । नेपाल उपत्यकामा पानीको सतह रहेकै अवस्थामा नेपालमा महामञ्जुश्रीको आगमन भएको थियो । उनले त्यस बेलाका यहाँका कबिला राज्यलाई पराजित गरी नयाँ राज्यको स्थापना गरेका थिए । यो युद्ध हिमाल पारको व्यापार खुलाउन र दक्षिणतर्फबाट आफूलाई सुरक्षित गराउनका लागि महामञ्जुश्रीले आधिपत्य कायम गरी नयाँ राज्यसँग सम्झौता गरेको भन्ने देखिन्छ । त्यसयता दुई देशबीच विभिन्न समयमा दर्जनौँ भएका सन्धि-सम्झौताहरू भएका छन् । हुम्ला राज्यसँग सन्धि, स्रोङचङ गोम्पोसँगको सन्धि, खश चीन सन्धि, नेपाल तिब्बत मुद्रा सन्धि, भीममल्लको भोटसँगको सन्धि, राम शाहको सन्धि, मुद्रा विवाद र गोरखासँगको सन्धि, नेपाल भोट युद्ध र केरूङ् सन्धिहरू भएका थिए ।

समग्रमा नेपाल र चीनबिचको सम्बन्ध सुमधुर, गहिरो र भरपर्दो हुनुपर्छ । चीनको सुरक्षाका लागि नेपाल र नेपालको सुरक्षाका लागि चीन एक-आपसमा कटिबद्ध, मजबुत र एकताबद्ध हुन सकेको खण्डमा दुवै देश एसियाका चम्किला तारा झैँ स्थापित हुनेछन् । चीनले पनि नेपालको सुरक्षाका लागि योगदान दिएको छ र नेपालले पनि चीनको सुरक्षाका लागि योगदान दिएको छ । हामीले यो इतिहासलाई कहिल्यै भुल्नु हुँदैन । नेपाल र चीनबिचमा बेलाबखत हुने गरेका मतभेदहरूलाई सौहार्दतापूर्वक छलफल-बहस गरेर समाधान गर्नुपर्दछ ।

## तपाईंको राशिफल

मेष : अशान्तिमा वृद्धि हुनेछ । कार्यमा सफलता मिल्नेछ ।
वृष : मनोबल उच्च रहनेछ । आकस्मिक धन लाभको योग छ ।
मिथुन : आध्यात्मिक कार्यमा रुचि बढ्नेछ । स्वास्थ्य राम्रो रहनेछ ।
कर्कट : व्यवसायमा राम्रो प्रगति हुनेछ । पुरानो रोकावट समाप्त हुनेछ ।
सिंह : यात्रा सुखद रहनेछ । भौतिक साधन उपलब्ध भइरहनेछ ।
कन्या : नयाँ काम बन्ने योग छ । सन्तानको कार्यमा प्रगति हुनेछ ।
तुला : सामाजिक कार्यहरूमा वृद्धि हुनेछ । खर्च बढी हुने योग छ ।
वृश्चिक : धार्मिक कार्यमा खर्च हुनेछ । शैक्षिक कार्यमा प्रगति हुनेछ ।
धनु : पारिवारिक सदस्यमा वृद्धि हुनेछन् । आवश्यक वस्तु हराउन सक्छ ।
मकर : राजनैतिक सहयोग प्राप्त हुनेछ । व्यवसायमा लाभ मिल्नेछ ।
कुम्भ : लापरवाहीले गर्दा अशान्ति र रोकावटको योग छ । स्वास्थ्य सामान्य रहनेछ ।
मीन : नौलो कार्य प्रारम्भ हुनेछ । पारिवारिक उल्झनले तनावमा वृद्धि गर्नेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.

# थाइल्याण्डको अदालतले गऱ्यो प्रधानमन्त्रीलाई बर्खास्त

**काठमाडौं/एजेन्सी–** थाइल्याण्डको संवेधानिक अदालतले प्रधानमन्त्री श्रेथा थाभिसिनलाई पदीय मर्यादामा आँच आउने कार्य गरेको अभियोग सम्बन्धमा फैसला दिँदै बुधबार जिम्मेवारीबाट मुक्त गर्न आदेश दिएको छ ।

अदालतको आदेशपछि अपदस्थ भएका फेउ थाई पार्टीका नेता तथा प्रधानमन्त्री श्रेथा थाभिसिनले बुधबार आफूलाई नैतिक नियम उल्लंघन गरेको कारण पदबाट हटाउने अदालतको फैसलाको सम्मान गर्ने बताएका छन् ।

'म अदालतको फैसलाको सम्मान गर्छु । म लगभग एक वर्षदेखि प्रधानमन्त्रीको भूमिका निर्वाह गरिरहेको छु । मैले इमानदारीका साथ देशको नेतृत्व गर्ने प्रयास गरेको छु,' संवैधानिक अदालतको फैसलापछि श्रेथाले आफ्नो कार्यालय बाहिर पत्रकारहरूलाई भने ।



फौजदारी अभियोग लागेका व्यक्तिलाई मन्त्री नियुक्त गर्ने निर्णयबारे बुधबार भएको थाइल्याण्डको संवैधानिक अदालतको फैसलापछि प्रधानमन्त्री श्रेथा थाभिसिन पदमा रहन नसक्ने भएका हुन् ।

यही अदालतले राज्यको प्रमुख प्रतिपक्षी दल मुभ फरवार्ड पार्टीलाई विघटन गरी पार्टीका पूर्वनेता पिता लिम्जारोएनरातलाई एक दशकका लागि राजनीतिमा प्रतिबन्ध लगाएको एक सातापछि यो मुद्दाबारे फैसला आएको हो ।

पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राको परिवारसँग निकट रहेका वकिल पिचित चुएनबानलाई मन्त्रीमा नियुक्त गरेका कारण श्रेथामाथि नैतिकताको नियम उल्लंघन गरेको अभियोग लगाइएको हो । पिचितलाई सन् २००८ मा भ्रष्टाचारसम्बन्धी कसुरमा छ महिनाको जेल सजाय सुनाइएको थियो ।

## साउदीमा रोजगार

कम्पनी: DAEAH SAUDI ARABIA LTD. शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०८०/१०/१२ चलानी नं.:६०२१३७९३ L.T. No.: 298741 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffold Laborer | 1 | 0 | स. काममा दक्ष | 1400 | ४९,९९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ६ गते (22 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Dynamic Sales & Services (P) Ltd.**
श्रम इजाजत नं. १०९/०५४/०५५
Post Box No. 2012, Basundhara, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625, Fax: 00977-7- 4355570
E-mail: info@dssnepal.com, Website: www.dynamicmanpower.com

## कतारको सुपरमार्केटमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KENZ DOHA HYPERMARKET शहर : Doha

पूर्व स्वीकृत मितिः २०८१/०३/०१ चलानी नं.: ६०२२११७६ LT. No.: 306501 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४७७८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Salesman | 7 | 0 | | 1600 | ५८८१६ | | | | | | | |
| 3. | Grocer | 3 | 0 | | 1300 | ४७७८८ | | | | | | | |
| 4. | General Clean Worker | 3 | 0 | | 1300 | ४७७८८ | | | | | | | |
| 5. | Cashier | 6 | 0 | | 1600 | ५८८१६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ २ गते (18 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Empower Huntr H.R. Solution Pvt. Ltd.**
(साबिक Empower Human Resources Management Pvt. Ltd) Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445
Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057
9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com
Jhapa Branch : 023-535323 | Chitwan Branch : 9855016639 | Butwal Branch : 9851178901

## साउदीमा रोजगार

कम्पनी : NABAT CONTRACTING ESTABLISHMENT. शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०८१/०४/२९ चलानी नं.: ६०२२३५४५ LT. No.:308858

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ६ गते (22 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**गौरी शंकर ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ५५८/०६२/०६३
चण्डोल-४, काठमाडौं, नेपाल, फोन: ४४१८३५३, ४४१८३०३
E-mail : info@gsoverseas.com.np, Web.: www.gsoverseas.com.np

## UAE मा रोजगार

कम्पनी : INTERNATIONAL FOUNDATION GROUP शहर : UAE

पूर्व स्वीकृत मितिः २०८०/०४/३० चलानी नं.: ६०२२३५८६ LT. No.: 308925

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Civil Engineer Labourer | 100 | 0 | स. काममा दक्ष | 800 | २९,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ भदौ ६ गते (22 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं. ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालयः- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), विर्तामोड, झापा
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch Office-023-536663 | 9801433027 | 9801433031 | 9801433029

## यूएई, ओमन र कुवेतमा रोजगारको अवसर

कम्पनी : PARAGON FACILITIES MANAGEMENT SERVICES शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०८०/०८/०७ चलानी नं.: ६०२१०४३४ LT. No.:295447 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 26 | 0 | स. काममा दक्ष | 900 | ३२,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DAR AL JOURY INTERNATIONAL LLC शहर: MUSCAT

पूर्व स्वीकृत मितिः २०८१/०४/३० चलानी नं.: ६०२२३५५४ LT. No.:308917

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barber | 4 | 0 | सम्बन्धित काममा दक्ष | 170 | ५८,९६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hair Stylist -female | 0 | 2 | | 170 | ५८,९६४ | | | | | | | |
| 3. | Manicurist | 0 | 2 | | 170 | ५८,९६४ | | | | | | | |

कम्पनी : UNITED AGRICULTURE & LIVESTOCK PRODUCTION CO. शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८१/०४/३० चलानी नं.: ६०२२३५५५ LT. No.:308948

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 100 | 0 | स. काममा दक्ष | 95 | ४१,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ६ गते (22 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**H.M.T. Overseas Pvt. Ltd.** Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301 | Mob.: 9842036587, 9823164783, 9808466028, 9803515104, 9866691140, 9827685565.

## कुवेतमा रोजगार

कम्पनी: MARKET DELIVERY CO TO DELIVER CONSUMER ORDERS शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८१/०३/१४ चलानी नं.: ६०२२१७४८ L.T. No.: 306988 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 20 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५९,१०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour (Indoor) | 4 | 0 | | 100 | ४३,७८२ | | | | | | | |

**अन्तर्वार्ता बिजी ड्राइभिङ स्कूल, काठमाडौंमा २०८१ भदौ ३, ४ र ५ गते (19, 20 & 21 August 2024) मा हुनेछ ।**
**मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ३२, भदौ १, २, ६, ७ र ८ गते (16, 17, 18, 22, 23 & 24 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Samridhha Human Resources Pvt. Ltd.**
Gov. Lic No. 1045/073/074
Hattigaunda-08, Kathmandu, Tel: 01-4371370, 4371369
Mobile: 9813033715 | 9851315449 | 9827549952
Email: info@samriddhahr.com, Web.: www.samriddhahr.com

## साउदीमा रोजगार

कम्पनी: ABDUL RAHMAN SALEH MOHAMMED AL OBAID FAST FOOD COMPANY शहर:RIYADH

पूर्व स्वीकृत मितिः २०८१/०४/२२ चलानी नं.: ६०२२३१८७ LT. No.: 308518

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ भदौ ६ गते (22 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**NASSER INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.**
Gov. Lic No. 190/057/058
Kupondole-10,Kandev Temple,Lalitpur, Phone No: +977-15920668, 15920568, 9703851443, 9841582762
Email: nasserplacement2000@gmail.com

## कतारमा वैदेशिक रोजगार

कम्पनी: Danem Engineering Works WLL शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८०/१०/०१ चलानी नं.: ६०२१३०१४ LT. No.: 298028 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painter | 3 | 0 | | 1100 | ४०४३६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ ६ गते (22 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

**Confident International Manpower Pvt. Ltd.**
Govt. Lic. No. 1423/074/075
Address: Sinamangal- 09, Kathmandu | Tel: 01- 5918957,5918958
E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUE LIGHT COMPANY ORGANIZES TOURISM EVENTS AND FESTIVALS शहर: YANBU

पूर्व स्वीकृत मितिः २०८१/०४/२९ चलानी नं.: ६०२२३५४८ LT. No.:308863

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vender | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,८५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ६ गते (22 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**डेष्टिनी प्लेसमेन्ट सर्भिस प्रा. लि.**
श्रम इजाजत नं. १६३/०५६/०५७
पो.ब.नं. १४१२५, बानेश्वर हाइट, काठमाडौं, नेपाल, Email: placementservice.destiny@gmail.com
फोन नं. ४४७५१७६, ४४६४५१५, फ्याक्स: ४४९२९६२

## साउदीमा रोजगार

कम्पनी: AL SHARQ FLEXIBLE PACKAGING FACTORY LLC शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८१/०४/३० चलानी नं.: ६०२२३५७४ LT. No.:308909

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver of Pickup Truck | 3 | 0 | | 1500 | ५३,५६५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ भदौ ६ गते (22 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**डायना ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ४०८/०६०/०६१
बाल कुमारी, ललितपुर, फ्याक्स: ५००६३८६, फोन नं: ५१८६३८४,५१८६३८५, ५५५६३२८, ५५५६४२९

## Malaysia मा रोजगार

कम्पनी: STRAITS FORCE SECURITY (M) SDN BHD शहर : Selangor

पूर्व स्वीकृत मितिः २०८०/१२/२५ चलानी नं.: ६०२१८१६६ LT. No.: 303243 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 75 | 0 | स. काममा दक्ष | 1500 | ४५,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ६ देखि ९ गते (22 to 25August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

